विधेयक संख्याः

# प्रत्यायन (एक्रिडिटेशन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०७६

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## उद्देश्य र कारण

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्न र दिगो रुपमा देशको आर्थिक सामाजिक विकासमा योगदान पु-याउन, देशमा प्रत्यायन (एक्रिडिटेशन) को माध्यमबाट समरूपमा मूल्याङ्कन (कन्फर्मिटि एसेस्मेन्ट) कार्यलाई प्रभावकारी तथा व्यवस्थित गर्न, समरूपता परीक्षण (कन्फर्मिटि एसेस्मेन्ट) लाई प्रत्यायन (एक्रिडिटेशन) को माध्यमबाट अन्तर्राष्ट्रिय मान्यता प्रदान गराई अन्तर्राष्ट्रिय व्यापारमा पहुँच बढाउने र समरुपता परीक्षण (कन्फर्मिटि एसेस्मेन्ट) गर्ने संस्थाको प्रत्यायन गर्न, नेपाल प्रत्यायन केन्द्र स्थापना गर्न तथा प्रत्यायन सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गरेको छु।

.....................................

**लेखराज भट्ट**

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

## आर्थिक टिप्पणी

समरुपता परीक्षण (कन्फर्मिटि एसेस्मेन्ट) गर्ने संस्थाको प्रत्यायन गर्न, नेपाल प्रत्यायन केन्द्र स्थापना गर्न तथा प्रत्यायन सम्बन्धमा काम गर्नको लागि नेपाल प्रत्यायन केन्द्रको स्थापना हुने र केन्द्रले प्रत्यायन प्रमाणपत्र दिँदा लाग्ने शुल्क, प्रदान गर्ने सेवाबाट निर्धारण गरिएको शुल्क, समरूपता परीक्षण सम्बन्धी प्रमाणपत्र दस्तुर, प्रत्यायन प्रमाणपत्रको नवीकरण गर्दा लाग्ने दस्तुर र दफा २८ बमोजिमको कोष रहने व्यवस्था गरिएको छ।

......................................

**लेखराज भट्ट**

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

**प्रत्यायन (एक्रिडिटेशन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानुनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ९ को उपदफा (७) | विषयगत समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | विषयगत समितिको अन्य काम, कर्तव्य नियमावलीमा तोकिने। | काम कर्तव्य र अधिकार स्पष्ट हुने । |
| २. | १० को उपदफा (१) | समरूपता परीक्षण गर्ने संस्थाले समरुपता परीक्षण सम्बन्धी कार्यको लागि प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा केन्द्र समक्ष निवेदन दिनु पर्नेछ। | समरूपता परीक्षण गर्ने संस्थाले समरुपता परीक्षण सम्बन्धी कार्यको लागि प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न दिने निवेदनको ढाँचा नियमावलीमा तोकिने । | समरूपता परीक्षण गर्ने संस्थाले समरुपता परीक्षण सम्बन्धी कार्यको लागि प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न दिने निवेदनको ढाँचा र दस्तुर समय सापेक्ष हुने। |
| ३. | १० को उपदफा (२) | (२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले त्यस्तो निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ तथा परीक्षण गर्न आवश्यक संख्यामा तोकिए बमोजिम योग्यता भएका परीक्षक तोक्नु पर्नेछ। | निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ तथा परीक्षण गर्न आवश्यक योग्यता भएका परीक्षकको योग्यता नियमावलीमा तोकिने । | निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ तथा परीक्षण गर्न आवश्यक योग्यता भएका परीक्षकको योग्यता समय सापेक्ष हुने। |
| ४. | १० को उपदफा (३) | उपदफा (२) बमोजिम तोकिएको परीक्षकले केन्द्रले तोकेको अवधिभित्र आवश्यक जाँचबुझ तथा परीक्षण गरी केन्द्र समक्ष तोकिए बमोजिम प्रारम्भिक प्रतिवेदन पेश गर्नु पर्नेछ। | जाँचबुझ तथा परीक्षण गरी केन्द्र समक्ष पेश गर्ने प्रतिवेदन सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने । | जाँचबुझ तथा परीक्षण गरी केन्द्र समक्ष पेश गर्ने प्रतिवेदन सम्बन्धी व्यवस्था स्पष्ट हुने। |
| ५. | दफा ११ | दफा १० को उपदफा (३) बमोजिम परीक्षकले पेश | दफा १० को उपदफा (३) बमोजिम | दफा १० को उपदफा (३) बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको प्रतिवेदनको आधारमा केन्द्रले दफा ९ बमोजिम गठित विषयगत समितिलाई तोकिएको अवधिभित्र त्यस्तो संस्थाको सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कार्यदिश दिनु पर्नेछ। | परीक्षकले पेश गरेको प्रतिवेदनको आधारमा केन्द्रले दफा ९ बमोजिम गठित विषयगत समितिलाई त्यस्तो संस्थाको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने कार्यदिश दिँदा प्रतिवेदन पेश गर्ने अवधि नियमावलीमा तोकिने। | परीक्षकले पेश गरेको प्रतिवेदनको आधारमा केन्द्रले दफा ९ बमोजिम गठित विषयगत समितिलाई त्यस्तो संस्थाको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने कार्यदिश दिँदा प्रतिवेदन पेश गर्ने अवधिमा एकरूपता हुने। |
| ६. | १२ को उपदफा (३) | (३) उपदफा (१) र (२) बमोजिम गर्नु पर्ने स्थलगत निरीक्षण, अध्ययन तथा जाँचबुझ, प्रतिवेदनमा खुलाउनु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | स्थलगत निरीक्षण, अध्ययन तथा जाँचबुझ, प्रतिवेदनमा खुलाउनु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने । | निरीक्षण, अध्ययन तथा जाँचबुझ, प्रतिवेदनमा खुलाउनु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा स्पषट हुने । |
| ७. | १३ को उपदफा (२) | उपदफा (१) बमोजिम परामर्श गर्दा दफा १२ बमोजिम विषयगत समितिले पेश गरेको अन्तिम प्रतिवेदनको आधारमा निवेदक संस्थालाई प्रत्यायन प्रमाणपत्र दिन मनासिब देखिएमा कार्यकारी निर्देशकले आवश्यक शर्त तोकी तोकिए बमोजिमको शुल्क लिई एक महिनाभित्र प्रत्यायन प्रमाणपत्र दिनु पर्नेछ। | निवेदक संस्थालाई प्रत्यायन प्रमाणपत्र दिन मनासिब देखिएमा प्रत्यायन प्रमाणपत्र दिदा लिने शुल्क नियमावलीमा तोकिने । | निवेदक संस्थालाई प्रत्यायन प्रमाणपत्र दिन मनासिब देखिएमा प्रत्यायन प्रमाणपत्र दिदा लिने शुल्क समय सापेक्ष हुने। |

| | | | | |
|---|---|---|---|---|
| ८. | १३ को उपदफा (४) | प्रत्यायन प्रमाणपत्रको ढाँचा तथा प्रत्यायन प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | प्रत्यायन प्रमाणपत्रको ढाँचा तथा प्रत्यायन प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | प्रत्यायन प्रमाणपत्रको ढाँचामा एकरुपता कायम हुने । |
| ९. | १४ को उपदफा (१) | दफा १३ बमोजिम प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले आफूले प्राप्त गरेको प्रत्यायन प्रमाणपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको दस्तुर तिरी प्रत्यायन प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ। | प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले आफूले प्राप्त गरेको प्रत्यायन प्रमाणपत्रको अवधि प्रमाणपत्रको अवधि नवीकरण गराउने दस्तुर नियमावलीमा तोकिने । | प्रमाणपत्रको अवधि नवीकरण गराउने दस्तुरमा एकरुपता कायम हुने |
| १०. | १४ को उपदफा (४) | प्रत्यायन प्रमाणपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | प्रत्यायन प्रमाणपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | प्रत्यायन प्रमाणपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने । |
| ११. | १५ को उपदफा (४) | प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाको काम कारबाहीबाट कसैलाई गम्भीर क्षति पुग्न गएमा केन्द्रले त्यस्तो संस्थाको प्रत्यायन प्रमाणपत्र तोकिए बमोजिम खारेज गरी सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी केन्द्रको वेबसाइटमा समेत राख्नु पर्नेछ। | प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाको काम कारबाहीबाट कसैलाई गम्भीर क्षति पुग्न गएमा केन्द्रले त्यस्तो संस्थाको प्रत्यायन प्रमाणपत्र खारेज गर्ने सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने । | प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाको काम कारबाहीबाट कसैलाई गम्भीर क्षति पुग्न गएमा केन्द्रले त्यस्तो संस्थाको प्रत्यायन प्रमाणपत्र प्रमाणपत्र खारेज गर्ने सम्बन्धी व्यवस्थामा समानता कायम हुने । |
| १२. | १५ को उपदफा (५) | प्रमाणपत्रको निलम्बन र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | प्रमाणपत्रको निलम्बन र खारेजी सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राखिने । | प्रमाणपत्रको निलम्बन र खारेजी सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने । |
| १३. | १६ को उपदफा (१) | समरुपता परीक्षण गर्ने संस्थाले प्रत्यायन सम्बन्धी काम गर्ने कुनै विदेशी | समरुपता परीक्षण गर्ने संस्थाले प्रत्यायन सम्बन्धी काम गर्ने कुनै | समरुपता परीक्षण गर्ने संस्थाले प्रत्यायन सम्बन्धी काम गर्ने कुनै |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थाबाट प्रत्यायन गराउन चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा स्वीकृतिको लागि केन्द्र समक्ष निवेदन दिनु पर्नेछ। | विदेशी संस्थाबाट प्रत्यायन गराउन दिने निवेदनको ढाँचा दस्तुर नियमावलीमा तोकिने । | विदेशी संस्थाबाट प्रत्यायन गराउन चाहेमा केन्द्र समक्ष निवेदन दिदा लिने दस्तुरमा एकरुपता कायम हुने । |
| १४. | १६ को उपदफा (४) | यस दफा बमोजिम स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था स्पषट हुने । |
| १५. | १७ को उपदफा (१) | समरुपता परीक्षण गर्ने विदेशी संस्थाले नेपालमा समरुपता परीक्षण सम्बन्धी कार्य गर्न चाहेमा तोकिए बमोजिम केन्द्रको स्वीकृति लिनु पर्नेछ। | समरुपता परीक्षण गर्ने विदेशी संस्थाले नेपालमा समरुपता परीक्षण सम्बन्धी कार्य गर्न केन्द्रको स्वीकृति लिने सम्बन्धी व्वस्था नियमावलीमा तोकिने । | समरुपता परीक्षण गर्ने विदेशी संस्थाले नेपालमा समरुपता परीक्षण सम्बन्धी कार्य केन्द्रको स्वीकृति लिने व्यवस्थामा स्पष्टता आउने । |
| १६. | १७ को उपदफा (३) | समरुपता परीक्षण गर्ने संस्थाको नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | समरुपता परीक्षण गर्ने संस्थाको नियमन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | समरुपता परीक्षण गर्ने संस्थाको नियमन सम्बन्धी अन्य व्यवस्थामा एकरूपता हुने। |
| १७. | २० को उपदफा (४) | उजुरी तथा छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | उजुरी तथा छानबिन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने । | उजुरी तथा छानबिन सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |
| १८. | २१ को उपदफा (४) | पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था र तत्सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ। | पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था र तत्सम्बन्धी कार्यविधि नियमावलीमा तोकिने । | पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था र तत्सम्बन्धी कार्यविधिमा स्पष्टता आउने। |
| १९. | २६ को खण्ड (६) | तोकिए बमोजिमका अन्य कार्य गर्ने। | कार्यकारी निर्देशकको अन्य काम कर्तव्य र अधिकार नियमावलीमा तोकिने । | कार्यकारी निर्देशकको अन्य काम कर्तव्य र अधिकार व्यवस्थित हुने। |
| २०. | ३१ को | वार्षिक प्रतिवेदन सम्बन्धी | वार्षिक प्रतिवेदन | वार्षिक प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (२) | अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |

## प्रत्यायन (एक्रिडिटेशन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐन निर्माण गर्नुको उद्देश्य स्पष्ट गर्न। |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको संक्षिप्त नाम र ऐन प्रारम्भ हुने मिति स्पष्ट गर्न। |
| २ | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दहरूको अर्थ स्पष्ट गर्न। |
| ३ | केन्द्रको स्थापना | प्रत्यायन सम्बन्धी काम गर्नको लागि नेपाल प्रत्यायन केन्द्रको स्थापना गर्न । |
| ४ | केन्द्र स्वशासित र सङ्गठित संस्था हुने | केन्द्र एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थारहने गरी कानूनी व्यवस्था गर्न आवश्यक भएको । |
| ५ | केन्द्रको काम, कर्तव्य र अधिकार | केन्द्रको काम, कर्तव्य र अधिकार स्पष्ट गर्न । |
| ६ | समितिको गठन | केन्द्रको सञ्चालन गर्न समितिको व्यवस्था गर्न । |
| ७ | समितको बैठक र निर्णय | समितिको बैठक सम्बनधी व्यवस्थालाई परभावकारी बनाउन । |
| ८ | समितिको काम, कर्तव्य र अधिकार | समितिको काम, कर्तव्य र अधिकार स्पष्ट गर्न । |
| ९ | विषयगत समिति | प्रत्यायन सम्बन्धी काम कारबाहीलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन समितिले आवश्यकता अनुसार विभिन्न विषयगत समिति गठन गर्न सक्ने वयवस्था गर्न । |
| १० | प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न निवेदन दिनु पर्ने | समरूपता परीक्षण गर्ने संस्थाले समरुपता परीक्षण सम्बन्धी कार्यको लागि प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न चाहेमा केन्द्र समक्ष निवेदन दिनु पर्ने व्यवस्था गर्न । |
| ११ | कार्यादिश दिनु पर्ने | परीक्षकले पेश गरेको प्रतिवेदनको आधारमा केन्द्रले गठित विषयगत समितिलाई त्यस्तो संस्थाको सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कार्यादिश दिनु पर्ने व्यवस्था गर्न । |
| १२ | अध्ययन तथा जाँचबुझ गर्नु पर्ने | कार्यादिश प्राप्त भएपछि विषयगत समितिले त्यस्तो संस्थाको सम्बन्धमा थप प्रमाण आवश्यक भएमा स्थलगत निरीक्षण गर्न लगाई प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेव्यवस्था गर्न आवश्यक देखिएको । |
| १३ | प्रत्यायन प्रमाणपत्र | प्रत्यायन प्रमाणपत्र लिने सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन । |

| | | |
|---|---|---|
| | दिनु पर्ने | |
| १४ | प्रत्यायन प्रमाणपत्रको नवीकरण | प्रत्यायन प्रमाणपत्रको नवीकरण गर्ने व्यवस्था गर्न । |
| १५ | प्रमाणपत्र निलम्बन र खारेजी | प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाको काम कारबाहीबाट कसैलाई गम्भीर क्षति पुग्न गएमा केन्द्रले त्यस्तो संस्थाको प्रत्यायन प्रमाणपत्र प्रमाणपत्र निलम्बन र खारेजी गर्न सक्ने व्यवस्था गर्न । |
| १६ | विदेशी संस्थाबाट प्रत्यायन गराउन स्वीकृति लिनु पर्नेः | समरुपता परीक्षण गर्ने संस्थाले प्रत्यायन सम्बन्धी काम गर्ने कुनै विदेशी संस्थाबाट प्रत्यायन गराउन चाहेमा दर्ता गर्ने सम्बन्धी प्रकृया स्पष्ट गर्न । |
| १७ | समरुपता परीक्षण गर्ने संस्थाको नियमन | समरुपता परीक्षण गर्ने संस्थाको केन्द्रले नियमन गर्न सक्ने व्यवस्था गर्न । |
| १८ | कसूर | कसूर कायम गर्न । |
| १९ | सजाय | कार्यकारी निर्देशकले दिन सक्ने सजाय सम्बन्धी स्पष्ट कानूनी व्यवस्था गर्न। |
| २० | उजुरी तथा छानबिन | प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका प्रत्यायोजित व्यवस्था विपरीत कुनै कार्य गरेको थाहा पाएमा जो सुकैले केन्द्रमा उजुरी दिन सक्ने र सो उजुरी उपर केन्द्रले छानबिन गर्ने सम्बन्धी व्यवस्था गर्न। |
| २१ | पुनरावलोकन समिति | कार्यकारी निर्देशकले दिएको सजाय र निर्णयको पुनरावलोकन गर्न मन्त्रालयले गठन गर्ने पुनरावलोकन समिति सम्बन्धी व्यवस्था गर्न। |
| २२ | पुनरावेदन | एक तहको पुनरावेदन सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| २३ | कार्यकारी निर्देशकको नियुक्ति | केन्द्रको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी व्यवस्था गर्न। |
| २४ | कार्यकारी निर्देशकको अयोग्यता | कार्यकारी निर्देशकको पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य नहुने सम्बन्धी व्यवस्था गर्न। |
| २५ | कार्यकारी निर्देशकको सेवाको शर्त | कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी व्यवस्था गर्न। |
| २६ | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार | कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न। |
| २७ | कर्मचारी सम्बन्धी व्यवस्था | केन्द्रमा काम गर्ने कर्मचारी सम्बन्धी व्यवस्था गर्न। |

| | | |
|---|---|---|
| २८ | कोष | केन्द्रको कोष सम्बन्धी व्यवस्था गर्न। |
| २९ | कोषको लेखा तथा लेखापरीक्षण | केन्द्रले नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम कोषको लेखा राख्नु पर्ने र कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था गर्न। |
| ३० | अनुगमन तथा निरीक्षण गर्न सक्ने | यो ऐन वा यस ऐन अन्तर्गत बनेका प्रत्यायोजित व्यवस्था बमोजिम केन्द्रबाट काम कारबाही भए, नभएको सम्बन्धमा समितिले जुनसुकै बखत केन्द्रको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्ने व्यवस्था गर्न। |
| ३१. | वार्षिक प्रतिवेदन | केन्द्रले प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेका काम कारवाहीको प्रतिवेदन तयार गरी समितिबाट स्वीकृत गराई समितिमार्फत मन्त्रालयमा पेश गर्ने व्यवस्था गर्न। |
| ३२. | अधिकार प्रत्यायोजन | समितिले आफूलाई प्राप्त भएको अधिकार आवश्यकताअनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा विषयगत समितिलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गर्न। |
| ३३. | शपथ लिनुपर्ने | कार्यकारी निर्देशक र विषयगत समितिका संयोजक तथा सदस्यले कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष शपथ लिनु पर्ने व्यवस्था गर्न। |
| ३४. | प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने | यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून अन्तर्गत पनि कसुरदार ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन सक्ने व्यवस्था गर्न। |
| ३५. | नेपाल सरकारसँग सम्पर्क | नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्ने व्यवस्था गर्न। |
| ३६. | नियम बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम बनाउने अधिकारका सम्बन्धमा व्यवस्था गर्न। |
| ३७. | निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | ऐन तथा नियमावली प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था गर्न। |

## प्रत्यायन (एक्रिडिटेशन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: समरुपता परीक्षण (कन्फर्मिटि एसेस्मेन्ट) गर्ने संस्थाको प्रत्यायन गर्न, नेपाल प्रत्यायन केन्द्र स्थापना गर्न तथा प्रत्यायन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " प्रत्यायन (एक्रिडिटेशन) ऐन,२०७६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा २३ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले दफा ३ बमोजिमको नेपाल प्रत्यायन केन्द्र सम्झनु पर्छ।

(घ) "कोष" भन्नाले दफा २८ बमोजिमको कोष सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "निरीक्षण गर्ने संस्था" भन्नाले वस्तु वा सेवाको डिजाइन, संरचना वा प्रक्रियाको निरीक्षण गर्ने संस्था सम्झनु पर्छ।

(छ) "प्रक्रिया" भन्नाले वस्तु वा सेवाको गुणस्तर कायम गर्न त्यस्तो वस्तु वा सेवाको उत्पादन देखि वितरणसम्मका केही वा सबै चरणमा पूरा गर्नु पर्ने प्रक्रिया सम्झनु पर्छ।

(ज) "प्रत्यायन (एक्रिडिटेशन)" भन्नाले समरुपता परीक्षण गर्ने संस्थाको सक्षमता निर्धारण गर्न तेस्रो पक्षद्वारा गरिने प्रमाणीकरण सम्झनु पर्छ।

(झ) "प्रत्यायन प्रमाणपत्र (एक्रिडिटेशन सर्टिफिकेट)" भन्नाले दफा १३ बमोजिम प्रदान गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ञ) "प्रयोगशाला" भन्नाले वस्तुको वा स्वास्थ्यसँग सम्बन्धित (क्लिनिकल) नमूना परीक्षण, जाँच वा अंशङ्कन (क्यालिब्रेशन) गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना भएको निकाय वा संस्था सम्झनु पर्छ।

(ट) "प्रवीणता परीक्षण (प्रोफिसेन्सि टेस्टिङ्ग)" भन्नाले पूर्व निर्धारित मापदण्ड बमोजिमको परीक्षण र सम्बन्धित प्रयोगशालाको अन्तर प्रयोगशाला तुलना विधिद्वारा गरिने कार्यसम्पादन क्षमताको परीक्षण सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ड) "विषयगत समिति" भन्नाले दफा ९ बमोजिम गठित विषयगत समिति सम्झनु पर्छ।

(ढ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य–सचिवलाई समेत जनाउँछ।

(ण) "समरुपता परीक्षण (कन्फर्मिटि एसेस्मेन्ट)" भन्नाले प्रयोगशाला विश्लेषण, अंशङ्कन (क्यालिब्रेशन), वस्तु, सेवा, प्रक्रिया वा व्यक्तिको सक्षमताको वा प्रणालीको प्रमाणीकरण, निरीक्षण, प्रमाणित सन्दर्भ सामग्री (सर्टिफाईड रेफरेन्स मटेरियल्स्) उत्पादन, प्रवीणता परीक्षण (प्रोफिसेन्सि टेस्टिङ्ग) जस्ता कार्य गर्दा निर्धारित मापदण्ड पालना गरे वा नगरेको सुनिश्चित गर्ने कार्य सम्झनु पर्छ।

(त) "समरुपता परीक्षण (कन्फर्मिटि एसेस्मेन्ट) गर्ने संस्था" भन्नाले वस्तु, सेवा, प्रक्रिया, व्यवस्थापन प्रणालीको वा व्यक्तिको सक्षमताको प्रमाणीकरण गर्ने संस्था सम्झनु पर्छ।

(थ) "समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

## परिच्छेद–२

## केन्द्रको स्थापना तथा समिति सम्बन्धी व्यवस्था

३. केन्द्रको स्थापना: (१) प्रत्यायन सम्बन्धी काम गर्नको लागि नेपाल प्रत्यायन केन्द्रको नामबाट एउटा केन्द्रको स्थापना गरिएको छ।

(२) केन्द्रलाई अङ्ग्रेजीमा "नेपाल एक्रिडिटेशन सेन्टर" भनिनेछ।

(३) केन्द्रको कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ ।

४. केन्द्र स्वशासित र सङ्गठित संस्था हुने: (१) केन्द्र एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) केन्द्रको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) केन्द्रले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ।

(५) केन्द्रले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. केन्द्रको काम, कर्तव्य र अधिकार: (१) यस ऐन बमोजिम समरूपता परीक्षण गर्ने संस्थालाई प्रत्यायन प्रमाणपत्र प्रदान गर्ने अधिकार केन्द्रलाई मात्र हुनेछ।

(२) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विषयगत समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड तयार गरी समितिमा पेश गर्ने,

(ख) समितिले गरेको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) समरुपता परीक्षण गर्ने संस्थालाई प्रत्यायन प्रमाणपत्र प्रदान गर्ने,

(घ) विभिन्न विषयका विज्ञ तथा परीक्षणकर्ताको सूची (रोष्टर) बनाउने र अद्यावधिक गर्ने,

(ङ) प्रत्यायन तथा समरुपता परीक्षण सम्बन्धमा तालिम कार्यक्रम सञ्चालन गर्ने,

(च) प्रत्यायनसँग सम्बन्धित सचेतना तथा प्रवर्द्धनात्मक कार्य गर्ने,

(छ) प्रत्यायन तथा समरुपता परीक्षण सम्बन्धमा सम्बन्धित नियमनकारी निकायसँग सहकार्य गर्ने,

(ज) प्रत्यायन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सम्मेलन तथा कार्यक्रममा प्रतिनिधित्व गर्ने,

(झ) समरूपता परीक्षण गर्ने संस्थाले गरेका काम कारबाहीको आवश्यकता अनुसार अनुगमन गर्ने,

(ञ) नेपाल सरकारको स्वीकृति लिई विदेशी, क्षेत्रीय वा अन्तर्राष्ट्रिय समकक्षी संस्थासँग समरुपता परीक्षण तथा प्रत्यायन सम्बन्धी सम्झौता गर्ने,

(ट) समितिले तोकिदिए बमोजिमका अन्य कार्य गर्ने।

६. <u>समितिको गठनः</u> (१) केन्द्रको सञ्चालनको लागि देहाय बमोजिमका पदाधिकारी रहेको एक सञ्चालक समिति रहनेछः–

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) सहसचिव, मन्त्रालय | -सदस्य |
| (ग) सहसचिव, कृषि तथा पशु पन्छी विकास मन्त्रालय | -सदस्य |
| (घ) सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| (ङ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |
| (च) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | -सदस्य |
| (छ) विश्वविद्यालयका प्राध्यापक मध्येबाट मन्त्रालयबाट मनोनीत एक जना | -सदस्य |
| (ज) समरुपता परीक्षण सम्बन्धी पेशागत संस्था, उद्योग वाणिज्य क्षेत्र तथा निजी क्षेत्रबाट एक, एक जनाको प्रतिनिधित्व | |

हुने गरी मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमका मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई मन्त्रालयले सदस्य पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. <u>समितको बैठक र निर्णयः</u> (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ र बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा समान्यतया अठ्चालीस घण्टा अगावै कार्यकारी निर्देशकले बैठकको कार्यसूची सहितको विवरण सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(६) समितिले आवश्यकता अनुसार कुनै निकायको पदाधिकारी वा सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठकको निर्णय कार्यकारी निर्देशकले बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समरुपता परीक्षण तथा प्रत्यायन सम्बन्धी नीतिगत विषयमा नेपाल सरकारलाई परामर्श दिने,

(ख) समरुपता परीक्षण सम्बन्धी काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक नीतिको मस्यौदा तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) केन्द्रको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) विदेशी संस्थाले नेपालमा गरेको प्रत्यायन सम्बन्धी काम कारबाहीको अनुगमन गर्ने वा गराउने,

(ङ) केन्द्रले प्रदान गर्ने सेवा बापत लाग्ने शुल्क निर्धारण गर्ने,

(च) प्रत्यायन सम्बन्धी काम कारबाहीको स्वतन्त्रता र निष्पक्षता सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

९. <u>विषयगत समितिः</u> (१) प्रत्यायन सम्बन्धी काम कारबाहीलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन समितिले आवश्यकता अनुसार विभिन्न विषयगत समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने विषयगत समितिमा एक जना संयोजक सहित बढीमा पाँच जना सदस्य रहनेछन्।

(३) उपदफा (१) बमोजिम विषयगत समितिमा रहने सदस्यको मनोनयन गर्दा समितिले सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएका विज्ञ व्यक्ति मध्येबाट छनौट गरी विषयगत समितिको सदस्यमा मनोनयन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषयगत समितिको सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा, इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, समितिको हित वा उद्देश्य विपरीत हुने गरी काम गरेमा वा निजमा खराव आचरण देखिएमा समितिले निजलाई पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) विषयगत समितिका सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयले तोकिदिए बमोजिमको सुविधा पाउनेछन्।

(७) विषयगत समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–३

## <u>प्रत्यायन सम्बन्धी व्यवस्था</u>

१०. <u>प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न निवेदन दिनु पर्नेः</u> (१) समरूपता परीक्षण गर्ने संस्थाले समरुपता परीक्षण सम्बन्धी कार्यको लागि प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले त्यस्तो निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ तथा परीक्षण गर्न आवश्यक संख्यामा तोकिए बमोजिम योग्यता भएका परीक्षक तोक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको परीक्षकले केन्द्रले तोकेको अवधिभित्र आवश्यक जाँचबुझ तथा परीक्षण गरी केन्द्र समक्ष तोकिए बमोजिम प्रारम्भिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

११. <u>कार्यादेश दिनु पर्नेः</u> दफा १० को उपदफा (३) बमोजिम परीक्षकले पेश गरेको प्रतिवेदनको आधारमा केन्द्रले दफा ९ बमोजिम गठित विषयगत समितिलाई तोकिएको अवधिभित्र त्यस्तो संस्थाको सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कार्यादेश दिनु पर्नेछ।

१२. <u>अध्ययन तथा जाँचबुझ गर्नु पर्नेः</u> (१) दफा ११ बमोजिमको कार्यादेश प्राप्त भएपछि विषयगत समितिले त्यस्तो संस्थाको सम्बन्धमा थप प्रमाण आवश्यक भएमा दफा १० को उपदफा (२) बमोजिम तोकिएको परीक्षकलाई स्थलगत निरीक्षण गर्न लगाई प्रतिवेदन पेश गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षकबाट प्राप्त स्थलगत निरीक्षण प्रतिवेदन समेतका आधारमा विषयगत समितिले आवश्यक अध्ययन तथा जाँचबुझ गरी केन्द्र समक्ष अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गर्नु पर्ने स्थलगत निरीक्षण, अध्ययन तथा जाँचबुझ, प्रतिवेदनमा खुलाउनु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>प्रत्यायन प्रमाणपत्र दिनु पर्नेः</u> (१) दफा १२ बमोजिम प्रतिवेदन प्राप्त भएपछि कार्यकारी निर्देशकले सो प्रतिवेदनको सम्बन्धमा सम्बन्धित विषयगत समितिसँग निवेदक संस्थाको काम कारबाही तथा सो संस्थालाई प्रत्यायन प्रमाणपत्र दिने वा नदिने सम्बन्धमा थप परामर्श गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्दा दफा १२ बमोजिम विषयगत समितिले पेश गरेको अन्तिम प्रतिवेदनको आधारमा निवेदक संस्थालाई प्रत्यायन प्रमाणपत्र दिन मनासिब देखिएमा कार्यकारी निर्देशकले आवश्यक शर्त तोकी तोकिए बमोजिमको शुल्क लिई एक महिनाभित्र प्रत्यायन प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको प्रत्यायन प्रमाणपत्रको अवधि प्रमाणपत्र जारी भएको मितिले तीन वर्षको हुनेछ।

(४) प्रत्यायन प्रमाणपत्रको ढाँचा तथा प्रत्यायन प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ बमोजिम विषयगत समितिबाट प्राप्त अन्तिम प्रतिवेदनबाट निवेदक संस्थालाई प्रत्यायन प्रमाणपत्र दिन उपयुक्त नदेखिएको भनी निर्णय भएमा सोको कारण सहितको जानकारी सात दिनभित्र त्यस्तो संस्थालाई दिनु पर्नेछ।

१४. <u>प्रत्यायन प्रमाणपत्रको नवीकरणः</u> (१) दफा १३ बमोजिम प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले आफूले प्राप्त गरेको प्रत्यायन प्रमाणपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको दस्तुर तिरी प्रत्यायन प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र नवीकरण गराउन नसकेमा त्यस्तो अवधि समाप्त भएको साठी दिनभित्र नवीकरण दस्तुरको दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ।

(३) उपदफा (२) मा उल्लिखित अवधिभित्र नवीकरण नगराउने संस्थाको प्रत्यायन प्रमाणपत्र सो अवधि नाघेपछि स्वतः खारेज भएको मानिनेछ।

(४) प्रत्यायन प्रमाणपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>प्रमाणपत्र निलम्बन र खारेजी:</u> (१) केन्द्रले प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा केन्द्रले तोकेको शर्तको उल्लङ्घन गरेको पाइएमा केन्द्रले सम्बन्धित संस्थालाई देहाय बमोजिम गर्ने गरी निर्णय गर्न सक्नेछ:-

(क) सचेत गराउने,

(ख) खण्ड (क) बमोजिम सचेत गराउँदा पनि केन्द्रले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संस्थाको प्रमाणपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्ने,

(ग) प्रत्यायनको कार्यक्षेत्र घटाउने (रिडक्शन इन स्कोप अफ एक्रिडिटेशन)।

(३) केन्द्रले उपदफा (२) को खण्ड (ख) बमोजिम निलम्बन गर्नु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ।

(४) प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाको काम कारबाहीबाट कसैलाई गम्भीर क्षति पुग्न गएमा केन्द्रले त्यस्तो संस्थाको प्रत्यायन प्रमाणपत्र तोकिए बमोजिम खारेज गरी सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी  केन्द्रको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(५) प्रत्यायन प्रमाणपत्रको निलम्बन र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. <u>विदेशी संस्थाबाट प्रत्यायन गराउन स्वीकृति लिनु पर्ने:</u> (१) समरुपता परीक्षण गर्ने संस्थाले प्रत्यायन सम्बन्धी काम गर्ने कुनै विदेशी संस्थाबाट प्रत्यायन गराउन चाहेमा तोकिएको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा स्वीकृतिको लागि केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा केन्द्रले प्रत्यायन सम्बन्धी स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम केन्द्रबाट स्वीकृति लिई विदेशी संस्थाबाट गरिने प्रत्यायन सम्बन्धी काम कारबाहीको अनुगमन केन्द्रले गर्नेछ।

(४) यस दफा बमोजिम स्वीकृति प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. <u>समरुपता परीक्षण गर्ने संस्थाको नियमन:</u> (१) समरुपता परीक्षण गर्ने विदेशी संस्थाले नेपालमा समरुपता परीक्षण सम्बन्धी कार्य गर्न चाहेमा तोकिए बमोजिम केन्द्रको स्वीकृति लिनु पर्नेछ।

(२) प्रचलित कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक समरुपता परीक्षण गर्ने संस्थाको केन्द्रले नियमन गर्न सक्नेछ।

(३) समरुपता परीक्षण गर्ने संस्थाको नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४

## कसूर, सजाय तथा पुनरावेदन सम्बन्धी व्यवस्था

१८. कसूरः कसैले देहायको कुनै कार्य गरेमा यस ऐन विरूद्धको कसूर गरेको मानिनेछः–

(क) यस ऐन बमोजिम प्रत्यायन प्रमाणपत्र नलिई वा प्रत्यायन प्रमाणपत्र निलम्बनमा रहेको अवधिमा प्रत्यायन प्रमाणपत्रको प्रतिक चिन्ह (लोगो) प्रयोग गरेमा,

(ख) जुन कार्य क्षेत्रको लागि प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको हो सो कार्य क्षेत्रभन्दा बाहेक अन्य क्षेत्रको समरुपता परीक्षण गर्दा केन्द्रको लोगो प्रयोग गरेमा,

(ग) प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले कुनै संस्थाको समरूपता परीक्षण गर्दा कम गुणस्तर वा गुणस्तरहीन वस्तु वा सेवालाई गुणस्तरीय वस्तु वा सेवाको मान्यता दिएमा,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वा केन्द्रबाट निर्धारित शर्त विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

१९. सजायः (१) कसैले दफा १८ बमोजिमको कसूर गरेमा कार्यकारी निर्देशकले देहाय बमोजिमको जरिबाना गर्नेछः–

(क) दफा १८ को खण्ड (क) र (ग) बमोजिमको कसूर गर्नेलाई एक लाख रूपैयाँसम्म,

(ख) दफा १८ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई पचहत्तर हजार रूपैयाँसम्म,

(ग) दफा १८ को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई पचास हजार रूपैयाँसम्म ।

(२) कुनै संस्थाले गरेको दफा १८ बमोजिमको कसूरको मात्रा वा गम्भीर्यताको आधारमा केन्द्रले त्यस्तो संस्थालाई दफा १३ बमोजिम प्रदान गरेको प्रत्यायन प्रमाणपत्र खारेज समेत गर्न सक्नेछ।

(३) यस दफा बमोजिम जरिबाना वा प्रत्यायन प्रमाणपत्र खारेज गर्ने निर्णय गर्नु अघि सम्बन्धित संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

२०. उजुरी तथा छानबिनः (१) प्रत्यायन प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वा केन्द्रबाट निर्धारित शर्त विपरीत हुने गरी कुनै कार्य गरेको थाहा पाएमा जो सुकैले केन्द्रमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा केन्द्रले सो सम्बन्धमा तत्काल छानबिन शुरू गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा उजुरीको व्यहोरा मनासिब देखिएमा केन्द्रले सम्बन्धित संस्था उपर यस ऐन बमोजिम कारबाहीको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(४) उजुरी तथा छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. पुनरावलोकन समिति: (१) दफा १९ बमोजिम कार्यकारी निर्देशकबाट भएको सजाय र निर्णयको पुनरावलोकन गर्न मन्त्रालयले देहाय बमोजिमको एक पुनरावलोकन समिति गठन गर्नेछ :-

(क) सहसचिव, मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) समरुपता परीक्षण सम्बन्धी विज्ञ एक जना -सदस्य

(२) दफा १९ बमोजिम कार्यकारी निर्देशकले गरेको सजाय वा निर्णयमा चित्त नबुझ्ने पक्षले सोको पुनरावलोकनको लागि पन्ध्र दिनभित्र उपदफा (१) बमोजिमको पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर पुनरावोकलन समितिले तीस दिनभित्र आवश्यक निर्णय दिनु पर्नेछ।

(४) पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था र तत्सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२२. पुनरावेदनः दफा २१ को उपदफा (३) बमोजिम पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझ्नेले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र तिर्नु पर्ने जरिबानाको पचास प्रतिशत रकम केन्द्रले तोकेको बैङ्क खातामा धरौटी राखी सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-५

## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

२३. कार्यकारी निर्देशकको नियुक्ति: (१) केन्द्रको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न एक कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि उम्मेदवार सिफारिस गर्न नेपाल सरकारले मन्त्रालयको सहसचिवको संयोजकत्वमा लोक सेवा आयोगको प्रतिनिधि र सम्बन्धित विषयको एक जना विज्ञ समेत रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठित समितिले विज्ञान तथा प्रविधि, इन्जिनियरिङ्ग वा चिकित्साशास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र गुणस्तर निर्धारण वा प्रमाणीकरण, अंशङ्कन, प्रयोगशाला विश्लेषण, निरीक्षण, प्रवीणता परीक्षण, प्रमाणित सन्दर्भ सामग्री उत्पादन, गुणस्तर व्यवस्थापन वा प्रत्यायन जस्ता गुणस्तर पूर्वाधार (क्वालिटि इन्फ्रास्ट्रक्चर) को क्षेत्रमा कम्तीमा दश

वर्षको कार्यअनुभव भएका व्यक्ति मध्येबाट कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि तीन जना उम्मेदवारको सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका उम्मेदवारमध्येबाट नेपाल सरकारले उपयुक्त उम्मेदवारलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(५) उपदफा (४) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, केन्द्रको हित वा उद्देश्य विपरीत हुने गरी काम गरेमा वा निजमा खराव आचरण देखिएमा नेपाल सरकारले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले उपदफा (३) बमोजिमको योग्यता पुगेको संघीय निजामती सेवाको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको कुनै अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ।

२४. कार्यकारी निर्देशकको अयोग्यताः देहायको व्यक्ति कार्यकारी निर्देशकको पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) दफा २३ को उपदफा (३) बमोजिमको योग्यता नभएको,

(ख) पैसट्ठी वर्ष उमेर पूरा भएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ङ) साहूको दामासाहीमा परेको,

(च) कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(छ) मानसिक सन्तुलन ठीक नभएको ।

२५. कार्यकारी निर्देशकको सेवाको शर्तः कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त तथा सुविधा निज नियुक्त हुँदाका बखत नेपाल सरकारले तोके बमोजिम हुनेछ।

२६. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रत्यायन सम्बन्धी निर्देशिका, कार्यविधि तथा मापदण्ड तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट भएका निर्णय, स्वीकृत योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने वा गराउने,

(ग) केन्द्रको वार्षिक योजना,कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) कोषको रेखदेख र नियन्त्रण तथा केन्द्रको चल, अचल सम्पत्तिको स्याहार, सम्भार गर्ने,

(ङ) केन्द्र र समिति बीच सम्पर्क अधिकारीको रुपमा कार्य गर्ने,

(च) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रत्यायन प्रमाणपत्र जारी, निलम्बन वा खारेज गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२७. कर्मचारी सम्बन्धी व्यवस्थाः(१) केन्द्रको काम सुचारु रुपले सञ्चालन गर्न केन्द्रमा नेपाल सरकारद्वारा स्वीकृत संगठन संरचना र दरबन्दी अनुसार आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) केन्द्रमा आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले आफूलाई आवश्यक पर्ने प्राविधिक विशेषज्ञ कर्मचारी प्रचलित कानून बमोजिम करारमा नियुक्त गर्न सक्नेछ।

## परिच्छेद–६

## कोष तथा लेखा सम्बन्धी व्यवस्था

२८. कोषः (१) केन्द्रको आफ्नो एउटा कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) केन्द्रले प्रदान गरेको सेवा बापत प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संस्था, व्यक्ति वा अन्तरराष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम रकम प्राप्त गर्नु अघि केन्द्रले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) केन्द्रको दैनिक प्रशासन लगायतका केन्द्रबाट हुने सम्पूर्ण खर्च कोषबाट व्यहोरिने छ।

२९. <u>कोषको लेखा तथा लेखापरीक्षण:</u> (१) केन्द्रले नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम कोषको लेखा राख्नु पर्नेछ।

(२) कोषको खाता सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र केन्द्रको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(४) नेपाल सरकारले जुनसुकै बखत कोषको लेखा तथा हिसाब जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

३०. <u>अनुगमन तथा निरीक्षण गर्न सक्ने:</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिम केन्द्रबाट काम कारबाही भए, नभएको सम्बन्धमा समितिले जुनसुकै बखत केन्द्रको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

## परिच्छेद–७
## <u>विविध</u>

३१. <u>वार्षिक प्रतिवेदन:</u>(१) केन्द्रले वर्षभरी सम्पन्न गरेको काम कारबाहीको प्रतिवेदन तयार गरी समितिबाट स्वीकृत गराई प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र समितिमार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) वार्षिक प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. <u>अधिकार प्रत्यायोजन:</u> (१) समितिले आफूलाई प्राप्त भएको अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा विषयगत समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार केन्द्रको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३३. <u>शपथ लिनुपर्ने:</u> कार्यकारी निर्देशक र विषयगत समितिका संयोजक तथा सदस्यले कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

३४. <u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने:</u> यस ऐन बमोजिम कसूर ठहरिने कार्य अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

३५. <u>नेपाल सरकारसँग सम्पर्क:</u> केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३६. <u>नियम बनाउन सक्ने:</u> यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३७. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u> (१) केन्द्रको काम कारबाहीलाई सरल र सहज बनाउन केन्द्रले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मिति देखी लागू हुनेछ ।

अनुसूची

(दफा ३३ सँग सम्बन्धित)

<u>शपथ</u>

म.......... ......................... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु /ईश्वरको नाममा शपथ लिन्छु कि नेपाल प्रत्यायन केन्द्र (नेपाल एक्रिडिटेशन सेन्टर) को कार्यकारी निर्देशक/ विषयगत समितिको संयोजक/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी अनुशासनमा रही प्रत्यायन (एक्रिडिटेशन) ऐन, २०७६ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

<u>शपथ ग्रहण गर्नेको</u>

नामः

दस्तखतः

मितिः

पदः

<u>शपथ ग्रहण गरेको प्रमाणित गर्नेको</u>

नामः

दस्तखतः

मितिः

पदः

कार्यालयः